# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : १३१

मितिः २०७८/०९/२९

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा भौतिक पूर्वाधार विकासका सम्बन्धमा निर्माण व्यवसायमा आवद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफलका क्रममा खास गरी निर्माण सामाग्रीको उपलब्धता, गुणस्तर र सार्वजनिक खरिद ऐन तथा नियमावलीमा समय सापेक्ष संशोधन हुनु पर्ने विषयको उठान भएकोले सम्बन्धित मन्त्रालयको सहभागितामा पुनः बैठक बसी छलफल गर्ने निर्णय भयो ।

निर्माण व्यवसायीहरुसँगको छलफलका क्रममा मुख्य रुपमा अन्तर मन्त्रालयगत समन्वयको अभाव, आयोजना बैङ्कहरुबाट प्राथमिकता साथ आयोजना अगाडि नबढेको, दबाब तथा प्रभावका आधारमा आयोजनाहरुको छनौट हुने गरेको, कामको समानुपातिक वितरण नगरिएको, २० प्रतिशतसम्म प्रदान गरिदै आएको मोविलाईजेसन घटाइएको, टेन्डर प्रक्रियामा निश्चित समय तोकिएको तर फाइल स्वीकृत हुन समय लाग्ने गरेको, आयोजनाका सम्बन्धमा परेका उजुरीहरुको फाइल समयमा अगाडि नबडेको, मिलेमतोमा 'कार्टेलिङ' गरी ठेक्का प्राप्त गर्ने, समयमा भुक्तानीको समस्या, म्याद थपको समस्या, धरौटी र भ्याट फिर्ता, विमा अनिवार्य गराइएको तर सो अनुरुपको क्षतिपूर्ति नपाइएको, समयमा आयोजना सम्पन्न नहुने एवम् निर्माणको कार्यमा न्यून गुणस्तर भएको भनी उजुरी परि काम अलपत्र पर्ने लगायतका भौतिक पूर्वाधार विकासमा देखिएका समस्या तथा सुझावहरु प्राप्त भयो ।

१. मुलुकमा भईरहेको शहरीकरणलाई व्यवस्थित गर्न एवं शहरी क्षेत्रको भौतिक विकास मार्फत मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन, **"दिगो पूर्वाधार विकासका लागि युटिलिटि करिडोरको अपरिहार्यता"** विषयक अन्तर्क्रिया कार्यक्रम समितिका माननीय सदस्यहरु एवं सचिवालयका कर्मचारीहरु तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न मन्त्रालयका पदाधिकारीहरु एवं सम्बन्धित क्षेत्रका विज्ञहरुको समेत सहभागिता रहने गरी उपयुक्त समयमा गर्ने निर्णय भयो ।

२. समितिको अर्को बैठक २०७८ साल पुस ३० गते शुक्रबार बिहान ११:०० बजे खानेपानी मन्त्रालयसँग बस्ने गरी स्थगित भयो ।

.............................................
(ओमबहादुर कार्की)
समिति सचिव

.............................................
(कल्याणी कुमारी खड्का)
सभापति